# स्वामीकार्तिक खापर गाँउपालिकाको आ.व २०७६/७७ को

# बजेट तथा कार्यक्रम

## स्वामीकार्तिक खापर गाँउपालिका

सुईजिउला वाई, बाजुरा

मिति २०७६ असार १० गते

# स्वामीकार्तिक खापर गाउँपालिकाको आ.व.२०७६।०७७को वजेट तथा कार्यक्रम

**अध्यक्ष महोदय**

मुलुक लिएको समाजवाद अर्थतन्त्र नितीलाई टेवा पुगाउन र सुखी नेपाली समृद्ध नेपाल नारा लाई साकार पार्न प्रत्येक स्थानीय तहको महत्व पुर्ण भुमीका रहने गर्दछ। हाम्रो गाउँपालिकाले पनियर्थात आर्थीक स्थीतीको पहीचान गरी कृर्षि क्षेत्रमा आधारित व्यवसायलाई आत्मसाथ गरी व्यवसायीक उत्पादनलाई बृद्धी गर्ने ,आर्थिक कार्यक्रम अगाडी बढाएको छ ।

**अध्यक्ष महोदय,**

हाम्रो गाउँपालिकाले पनि आफ्नो २ वर्षको कार्य अवधीलाई पार गरेको यस सन्दर्भमा हाम्रा बीच धेरै आर्थिक, सामाजिक र भौतिक चूनौतीहरु रहेका छन् । यी सबै पक्षको समान ढंगले समाधान खोज्नु र गाउँपालिकाको समग्र पक्षको विकासलाई अगाडी बढाउनका लागी ल्याइएका नीति कार्यक्रमलाई सफल बनाउने खालको कार्यक्रम र बजेट विनियोजन गर्नु पनि अहिलेको प्रमूख आवश्यकताको विषय रहेको छ । मुलुक भरका ७५३ वटा पालिकामध्ये सबै भन्दा पछाडी रहेको हाम्रो गाउँपालिका जसलाई छोटो समय भित्रनै समग्र पक्षको विकासलाई आत्मसात गर्न पाउने आशामा हाम्रो समाज रहेको अवस्थामा सबैको समान सहभागीता र समावेशी विकासको अवधारणालाई हामीले अगाडी बढाएका छौं । भौतिक पूर्वाधारलाई पहिलो प्राथमिकतामा राख्नु जत्तिको आवश्यक रहेको छ त्यत्तिकै आर्थिक रुपले विपन्न रहेको हाम्रो समाजको आर्थिक आयकाकार्यमा जनचेतनाका साथै आत्मनिर्भर र व्यावसायिकताका लागि हाम्रो नीति नियम र कार्यक्रमले उद्यमशिलतालाई सहयोग पुऱ्याउने नीति र कार्यक्रम प्रस्तुत गरेका छौं र त्यस अनुरुपको २०७६।०७७ को आय व्ययको विवरण पेश गर्ने अनुमती चाहान्छु ।

**अध्यक्ष महोदय**

आगमी आर्थीक बर्ष २०७६/०७७को बजेट बक्तब्य यस सभामा प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

- गत बर्ष २०७४/०७५को यर्थात आर्थिक बिबरण प्रस्तुत गर्ने अनुमती चाहान्छु ।
- विगत वर्षको निति तथा कार्यक्रममा परेका साना र मझौला खालका योजना समय अबधि भित्र सम्पन्न भएका र ठुला खालका योजना क्रर्मागत रुपमा अगाढी बढाएका छौं ।
- यस आर्थिक वर्ष ०७५।०७६ का यतार्थ आर्थिक गतिविधि र कार्य सम्पन्न विबरण असार मसान्त्र भित्र आउने र हाल सम्म अनुमानित पुजिगत बजेट ८० प्रतिशत रकम खर्च भएको छ ।

**अध्यक्ष महोदय**

यस आ. व ०७५।०७६ मा अगाढी बढाइएका गाउँपालिका स्तरीय गौरबका योजनालाई हामीले विविध कारणले अगाढी बढाउन सकेनौं ।

जस मध्य लिप्ट सिँचाई योजना वाइ जसमा प्रदेश सरकारले पनि रकम विनियोजन गरेको र उक्त योजनाको डिपीआर समयमा स्वीकृत नभएकाले कार्य अगाढी बढाउन नसकीएको ढीकुरी लघु जलविधुत आयोजना का लागि गाउँपालिकाले संघिय सरकार संघ ,समपुरक अनुदान माग गरी सो अनुदान ढीलो प्राप्त भएको र बोल पत्र आह्वानमा कानुनी प्रक्रिया नपुगेकाले सो कार्य अगाढी बढाउन नसकेको जानकारी गराउदछौं ।

यसै वर्ष भित्र कर्णाली नदिमा फेरी संचालनका लागि टेण्डर प्रक्रिया अगाढी बढी सकेको र आ.व. ०७६।०७७ मा कार्य सम्पन्न गरिने छ ।

**अध्यक्ष महोदय**

चालु वर्ष ०७५।०७६ मा कृषि क्षेत्रमा केहि उल्लेख नियकार्यहरु अगाढी बढाएका छौं जसमध्य फलफुल खेतिमा केहि प्रगति भएको छ । जस मध्य १५ हजार स्याउका विरुवाहरु किसानहरुलाई वितरण गरिएको छ ।

- एक हजार उन्नत जातका स्याउका विरुवाहरु परिक्षणका लागि रोप्दा यसै वर्ष फल दिन सुरु भएकोले आगामि वर्ष यसको क्षेत्र विस्तार गरीने छ ।
- १३ सय दाँते ओखर का बिरुवाहरु किसानलाई वितरण गरीएको छ ।

**अध्यक्ष महोदय**

सडक यातायतलाई चालु आ.व.०७५।०७६को कार्यक्रममा गाउँपालिका केन्द्र देखी वडा कार्यलय सम्म सडक पुप्याउने उद्देश्य अनुरुप वडा नं ४को केही बस्ती र वडानं ३को वडा केन्द्र ,वडा नं ५को खोला नजीक सम्म र वडानं १को अस्थायी वडा कार्यलय बर्कु सम्म कार्य अगाडी बढी रहेको छ ।

**अध्यक्ष महोदय,**

चालु आ.ब. ०७५।०७६ ले र्निदिष्ट गरेका विकास का सुचक मध्ये सडक,शिक्षा,स्वास्थ्य,पर्यटनमा केही आंशीक सुधार भएका छन् साथै आगामी वर्षमा महत्वपुर्ण सुधारका कार्य अगाडी बढाईने छ ।

**अध्यक्ष महोदय**

यस आ.व बर्ष मा संघीय सरकार र प्रदेश सरकार बाट हाम्रो गाउपालीकामा परेका साना ठुला योजनाहरु को रकम समय भित्रनिकासाहुन नसेका कारणले सोकार्य अगाडी बढ्न नसकेको जानकारी गरार्दछु ।

**जस मध्ये**

- वाईको लीप्ट सिँचाई योजना
- भत्तेडी गार्ड सिँचाई योजना

**अध्यक्ष महोदय,**

प्रत्येक स्थानीय तहको आर्थिक आम्दानी र राजश्व प्राप्ती उपलब्धिलाई पनि संघ र प्रदेश सरकारले रकम विनियोजनको आधार बनाएको हुन्छ ।त्यसैलाई मध्ये नजर गदै हाम्रो गाउँपालिकाले पनि आम्दानीको स्रोत पहिचान गरी गत आ.व.०७४।०७५ को छोटो समय भित्र आन्तरिक आय ३८ लाख ७९ हजार ३५ रुपैयाँ आम्दानी गरेका छौ ।सो आर्थिक बर्षमा वित्तीय समानिकरण,चालु खर्च र सशर्त अनुदानमा रु २१ करोड ९७ लाख ६९ हजार ४ सय ६१ रुपैया खर्च भएको छ ।

**अध्यक्ष महोदय,**

अब म चालु आर्थिक बर्ष २०७५।०७६को आर्थिक स्थितिका बारे जानकारी गराउन अनुमती चाहान्छु ।

चालु आर्थिक बर्षमा बिनीयोजन बित्तीय समानीकरण पुँजीगत तर्फ,राजश्व बाँडफाँड , चालु शिर्षक तर्फ, सर्सत अनुदान रकम समेत गरेर जम्मा ३१ करोड ७० लाख ५८ हजार रकम मध्य हाल सम्म ८० प्रतीशत भुक्तानी भएको र सम्पुर्ण खर्चको विबरण असार मसान्त सम्म प्राप्तहुने छ ।

यस बर्षको बिभीन्न शीर्षक बाट प्राप्त आम्दानी हाल सम्म ८९ लाख ८७ हजार ४ सय रहेको छ । जसको विबरण अनुसुचीमा उल्लेख गरीएको छ ।

**अध्यक्ष महोदय,**

अब म आ.व.२०७६।०७७ को बजेटका उद्देश्य तथा प्राथमीकता प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

- नेपालको संविधान र स्थानीय सरकार संञ्चालन ऐन २०७४ ले निर्दीश्ट गरेका मापदण्डको परिधीमा रहेर यस गाउँपालिका भित्र बसोबास गर्ने आम नागरीकको कानुन बमोजीमको मौलीक हक अधिकार को संरक्षण हुने र उत्पाद बृद्धीमा प्रोत्साहान गरी आर्थिक जिवन स्थर मा सुधार ल्याउने उद्देश्य रहेको छ ।
- स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार भएकोले गाउँपालिकाका साना ठुला समग्र आर्थिक सुधार,गुणस्तरीय शिक्षा, स्वच्छ खानेपानी ,स्वस्थ स्वास्थ्य सेवामुलक प्रशासनिक संयन्त्र ,जफावदेहीमुलक जनप्रतीनीधीत्व शुसासन,समानता,समाबेशी,सहकारीता र सह अस्थीत्वको आधारमा आफ्ना कार्यक्रमलाई आफ्ना बजेट कार्यक्रमलाई अगाडी बढाईने छ ।
- सबै वर्ग जाती, लिङ्ग ,धर्म संस्कृती र आधारभुत मौलिक हक अधिकार लाई सुनिश्चित गरीने कार्य प्राथमीता दिने उद्देश्य लिएका छौ ।
- यस आ.व २०७६।०७७लाई भौतीक पुर्वाधार विकास, आर्थिक विकास र शिक्षाको गुणस्तीय सुधारको बर्ष का रुपमा लिएका छौ । यसैका आधारमा बजेट विनियोजन गरेको छु ।

- सडक संञ्जालमा नजोडीएका वडा केन्द्र लाई प्राथमीकता दिई बजेट विनीयोजन गरेको छ। साथै गाउँपालिकाले आबश्यकता गरे अनुरुप प्रदेश सरकाको कार्यक्रममा काटे पहडा देखी लामावडार सम्म सडकको कार्यक्रम समाबेश भएको जानकारी गराउन चाहान्छु
- कर्णाली नदीमा यातायात आवजात गर्न का लागी यसै बर्षमा फेरी संञ्चालन गर्ने उद्देश्य अनुरुप ठेक्का प्रकृया लाई अगाडी बढाएको छ ।
- बिद्युतीय क्षेत्रमा आत्मनिर्भर गाउँपालिका बनाउने उद्देश्य अनुरुप खाली खोला लघु जलबिद्युत, ढीकुरी लघु जलबिद्युतलाई यसै बर्ष भित्र सम्पन गर्ने गरी रकम बिनीयोजन गरेको छु भने घट्टे पाटा लघु जलबिद्युत योजनालाई सम्बाब्यता अध्ययन को प्राथमीता मा पारेको छु
- खडेरी क्षेत्रको पहीचानबोकेको यस गाउँपालिका भित्रको वाई जीउलाको लीप्ट सिँचाई योजनालाई प्रदेश सरकार को साझेदारीमा र यसै बर्ष भित्र सम्मपन गर्ने गरी रकम बिनीयोजन को ब्यबस्था मीलाएको छ।
- कृषि र भेटनरीमा आधारित भएर  उत्पादन व्यवसायमा लाग्ने युवा , महिला कृषक उद्यमीलाई आवश्यक सहयोग गरीने छ निश्चित मापदण्ड बनाई उन्नतजातको स्याउ ओखर व्यवसायिकरण गरीने छ ।
- तरकारी खेतिमा आत्मनिर्भर र ब्यबसायिक गाउँपालिका बनाउनका लागि व्यवसायिक उद्यमीलाई आबश्यक पुर्वाधारको क्षेत्रमा सहयोग गर्नका निम्ती रकम विनियोजन गरेको छु ।
- गाउँपालिका भित्र उत्पादन हुने रैथाने वालिको संरक्षण उत्पादन गर्ने र विउबैंक स्थापनाका लागि प्राथमिता दिदै आबश्यक रकमको ब्यबस्था गरेको छु ।
- दलित यूवा बालवालिका महिला जेष्ठनागरीक अपाङ्ग असाय र विपन्नवर्गका नागरीकलाई शसक्तीकरण र आत्मनिर्भर हुने कार्यक्रम लागुहुने  गरी आबश्यक रकम विनीयोजन गरेको छु ।
- गाउँपालिकामा लोभ हुदैगएको पञ्चेबाजालाई संरक्षण र संचालन गर्ने हेतुले सो पेशामा आबद्ध भएका ब्यक्तिहरुका लागि प्रयोग हुने पोशाकमा आबश्यक पर्ने रकमको व्यवस्था मिलाएको छु ।
- गाउँपालिकाभित्र रहेका  स्थायी खरे घरलाई विश्तापीत गर्न आबश्यक पर्ने रकमको व्यवस्था मिलाएको छ ।
- विद्यालयलाई गुणस्तरीय प्रगति हाँशिल गर्नका लागि वातावरणिय शिक्षालय बनाईने छ ।
- अस्थायी टिनका विद्यालयलाई विस्थापित गरी पहिलो वर्षमा केहि पक्की भवन हरु निर्माण गरीने छ ।
- विद्यालयमा आबश्यक पर्ने शिक्षक दरबन्दीको अभाब रहेकाले शिक्षाको गुणस्तर सुधारका लागि गाउँपालिकामा स्वयम सेवक शिक्षक भर्ना गर्ने निति अनुरुप आबश्यक पर्ने रकमको ब्यबस्था मिलाएको छु ।
- विद्यालयको पहुँच भन्दा टाढा रहेका बस्तीमा  वालविकास केन्द्र संचालन गर्नाका लागि आबश्यक रकम विनियोजन गरेको छु

- स्वास्थ्य सस्थाभन्दा टाढा रहेका बस्तीहरुमा प्रसुती गृह स्थापना गर्न आबश्यक रकमको विनियोजन गरीने छ ।
- स्वस्थ्य सस्थालाई आश्यक रकम विनयोजन गरेको छु ।
- प्रत्यक विद्यालयलाई पुर्ण सरसफाई विद्यालय बनाउनका लागि आबश्यक रकम विनियोजन गरेको छु ।
- यस गाउँपालिकाको मुख्य आम्दानिको स्रोतका रुपमा रहेको स्याउ तथा फलफुल ब्लक क्षेत्रमा सहज सडक यातायात पुगाउनका लागि भैथन देखि घट्टेपाटा सम्मको कृषि सडक लाई यसै वर्ष भित्रनिर्माण कार्य अगाढी बढाउनका लागि आबश्यक रकम को ब्यबस्था मिलाएको छु ।
- आय स्रोतको मुख्य आधारमा रहेको पर्यटन र धार्मीक क्षेत्रलाई व्यवस्थीत गरीने छ ।
- कर्णाली जलयात्रा र महत्वपुर्ण धार्मीक क्षेत्रलाई आबश्यक पर्ने रकम व्यवस्था मिलाएको छु ।
- सामुदायिक वन, सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गर्न विरुवा र आबश्यक रकमको ब्यबस्था मिलाएको छु ।
- विपद व्यवस्थापन र न्युनिकरणका लागि विपद कोष स्थापना भएको र सो कोषका लागि आबश्यक रकम विनियोजन गरेको छु ।
- सहज सुचना र संचारको पहुँच पुर्याउनका ईन्टरनेट र रेडियोको टावर जडान गर्नकालागि बजेटको ब्यबस्था गरेको छु ।
- गाउँपालिका स्तरीय युवारोजगार कार्यक्रमलाई निरन्तरता दिदै सम्बन्धीत वडाका विकास निर्माण कार्यमा सहभागिता गराउने ब्यबस्था मिलाएको छु ।
- छुदरी झुलंगे पुल र घट्टेपाटा झुलंगे पुल यसै वर्ष बाट संचालन गरिने छ ।

**अध्यक्ष महोदय,**

यस गाउँपालिकाको अल्पकालीन र मध्यमकालीन समयमा पुरा गरिने योजनालाई परिलक्षित गरी यसको दिगो विकासका योजना र कार्यक्रमलाई तीव्रताका साथ सम्पन्न गर्ने गरी वजेट विनियोजन गरेको छु ।चालु आर्थिक वर्षको कार्यक्रममा सडक निर्माणमा तिव्रता र व्यवसायिक कृषि उत्पादनमा वृद्धि गरिने छ ।

गाउँपालिकाको दिगो विकास र आर्थिक सम्बृद्धिका लागि ल्याइएका योजनाहरु समयमा कार्यान्वयन गर्न नीतिगत स्पस्टता कायम गरी कार्यन्वयन क्षमतामा वृद्धि गरिने छ । साथै गुणस्तरीय निर्माण कार्य गरी दोहोरो तेहेरो खर्चको अन्त्यगरिने छ ।

**अध्यक्ष महोदय**

अब म यस स्वामीकार्तिक खापर गाउँपालिकाको आय तथा व्ययको विबरण यस सभामा पेस गर्न चाहान्छु ।

**आम्दानि तर्फ**

संघीय सरकार बाट प्राप्त वित्तिय समानिकरणमा रु.८ करोड ७८ लाख संघिय सरकार बाट सशर्त अनुदान रु.१२ करोड ८ लाख, संघिय सरकारको राजश्व बाँडफाँड बाट प्राप्त रु. ५ करोड ४२लाख, प्रदेश सरकारबाट समानीकरण अनुदान ६८ लाख ७४ हजार, प्रदेश सरकारको राजश्व बाँडफाँडबाट प्राप्त रु. ६ लाख ३८ हजार सामाजिक सुरक्षा बापत संघीय सरकारबाट अनुदान रु. ३ करोड १० लाख, गाउँपालिकाको आ.व. २०७६/०७७ को अन्दाजी आय रु.२ करोड ५५ लाख, गतवर्षको नगद मौज्दात अ.ल्या. ३ करोड २८ लाख गरी जम्मा आय रु ३५ करोड ९६ लाख १२ हजार रुपैंया अनुमान गरीएको मा सोही रकमको को परिधिभित्र रहि विभिन्न शिर्षकहरुमा रकम विनियोजन गरेको छु ।

**विनियोजित तर्फ**

विनियोजित गरिएको रकममध्ये राजश्व बाँडफाँटबाट प्राप्त रकम रु. ५करोड ४८लाख ३८ हजार रुपैंयाचालु खर्च तर्फ विनियोजित गरेको छु । नेपाल सरकार बाट सशर्त अनुदान प्राप्त रु. १२ करोड ८ लाख सोही शर्त बमोजिम खर्च हुने गरी सभामा पेश गरेको छु । विकास योजना संचालनका लागि पुँजीगततर्फ रु. १५ करोड २९ लाख ७४ हजार रकम प्रस्ताव गरेको छु ।

यसरी गाउँपालिकामा प्राप्त निर्शत अनुदान, सर्शत अनुदान र अन्य निकायबाट प्राप्त सम्पूर्ण रकममा

**चालु तर्फ** ५ करोड ४८ लाख ३८ हजार विनियोजन गरेको छु ।

**पूँजीगत तर्फ** रु.१५ करोड २९ लाख ७४ हजार विनियोजन गरेको छु ।

यस आ.व.मा सञ्चित कोषबाट जम्मा रु.३५ करोड ९६ लाख १२ हजार प्रस्ताव गरेको छु । सञ्चित कोषमा हाल समाबेश नभएको रकम सन्चीत कोषमा रहने अनुमान गरेको छु ।

साथै यस गाउँपालिकामा यस आ.व.मा कार्यक्रम संचालन गर्ने गरी बहुक्षेत्रीय पोषण कार्यक्रमको वजेट रु १२ लाख ३५ हजार र जलस्रोत ब्यबस्थापन परियोजनाका संचालन हुने कार्यक्रम र विनियोजन रकम २ करोड ६० लाख ८७ हजार साथै ग्रामिण सामुदायिक पुर्वाधार कार्यक्रममा २३ लाख २१ हजार रकम समेत स्वीकृतिका लागि यस सम्मानित सभामा पेश गर्दछु ।

**अध्यक्ष महोदय**

अव म प्रस्ताव गरिएका कार्यक्रम र बजेटको संक्षिप्त विवरण पेश गर्ने अनुमति चहान्छु ।

## १) <u>भौतिक पुर्वाधार विकास तर्फ जम्मा रु. ७ करोड ८६ लाख ३० हजार</u>

जस अर्न्तगत निम्न कार्यक्रमका लागि वजेटको विनियोजन गरेको छु ।

### क.स्थानीय सडक तथा यातायात तर्फ रु. ३ करोड ६६ लाख

- गाउँपालिकाको केन्द्र देखि विभिन्न वडा खण्डको सडक निर्माणमा योजनालाई निरन्तरता दिन रु. २ करोड रकम बिनियोजन गरेको छु ।
  - ➢ वर्कु जिजुवा सडक खण्ड रु.५० लाख
  - ➢ रुढी देखी किउरीठाना सडक खण्ड रु.५० लाख
  - ➢ मेला मुक्तिकोट सडक खण्ड रु.५० लाख
  - ➢ रानीसैन मिगु सडक खण्ड रु.५० लाख
- एम्बुलेन्स खरिद रु.१२ लाख
- गाउँपालिका लागि मोटर साइकल खरिद रु.८ लाख
- फेरी निर्माण कर्णाली नदीमा रु.१ करोड २६ लाख
- कृषि सडक रु.२० लाख

### ख.विद्युत तथा बैकल्पिक उर्जा तर्फ रु. १ करोड ३५ लाख

- ❖ ढिकुरी कुलो लघु जलविद्युत आयोजनाका लागि रु.१ करोड
- ❖ जुड्डी, भुका, बड्डीगाड र मिगु विधुत मर्मत का लागी रु.१० लाख
- ❖ बिद्युत साम्रागी खरीद रु.२५ लाख

### ग.भवन आवास तथा सहरी विकास तर्फ रु. ७२ लाख ५० हजार

- ➢ गाउँपालिकाको भवन निर्माण तथा जग्गा खरिद रु.१० लाख
- ➢ वडा नं. ३ वडा कार्यालयको भवन निर्माण रु.३५ लाख
- ➢ वडा नं. ५ वडा कार्यालयको भवन निर्माण रु.२५ लाख
- ➢ वडा नं. २ वडा कार्यालयको लागि जग्गा खरिद रु.२ लाख ५० हजार

### ङ. पुननिर्माण

संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानका लागि साझेदारी गर्न समपुरक कोषमा रु. १ करोड ७४ लाख रकम र विभिन्न योजना मर्मत कोषमा रु. ३६ लाख ८० हजार विनियोजन गरेको छु ।

समपुरक अनुदान तर्फ संघीय र प्रदेश सरकार संग माग गर्ने योजनाहरु

- ढिकुरी लघुजलविद्युत आयोजना
- घट्टेपाटा लघु जलविद्युत आयोजना
- वडा केन्द्र जोडिने सडक खण्ड
- लिप्ट सिँचाई आयोजना
- कृर्षि सडक

विशेष अनुदान तर्फ माग गर्ने योजनाहरु

- वडा कार्यालय भवन निर्माण
- विद्यालय भवन निर्माण
- खानेपानी योजना
- सिँचाई योजना
- कृषि सडक
- स्वास्थ्य चौकी निर्माण

मर्मत कोषबाट संचालन हुने योजनाहरु

- खानेपानी
- कृषि सडक
- भवन निर्माण

**च. सुचना तथा प्रविधि तर्फ  रु. २ लाख**

सुचना संचार तथा प्रविधिको विकासमा रु. २ लाख रकम विनियोजन गरेको छु।

## २) <u>आर्थिक विकास तर्फ रु. २ करोड ९७ लाख ८४ हजार</u>

**क. कृषि तर्फ रु. १ करोड ३८ लाख ८४ हजार**

❖ **वडा तर्फ रु.७३ लाख ८४ हजार**

वडा नं १ मा रु.१९ लाख ८४ हजार
वडा नं २ मा रु.१२ लाख
वडा नं ३ मा रु.२१ लाख
वडा नं ४ मा रु.११ लाख
वडा नं ५ मा  रु.१० लाख

❖ गाउँपालिका कृर्षि कार्यक्रम तर्फ रु.४० लाख

❖ कृर्षि अनुदान कार्यक्रम तर्फ रु.२५ लाख

**ख. जलस्रोत तथा सिंचाई तर्फ रु. ९० लाख**

- लिप्ट सिँचाई आयोजनामा रु.६० लाख
- लघु तथा साना सिँचाई योजनामा रु.२० लाख
- नदी तटवन्ध तथा नियन्त्रणका लागि रु. १० लाख रकम बिनियोजन गरेको छु ।

**ग. पशुपालन तर्फ रु.२५ लाख**

गाई, भैंसी, बाख्रा, भेडा तथा कुखुराको व्यवसायका लागि अनुदान तथा पशु औषधी एवं औजार खरिदका लागि रु. **२५** लाख रकम विनियोजन गरेको छु ।

**घ. पर्यटन तर्फ रु.१५लाख**

पर्यटन पुर्वाधार विकास र प्रवर्द्धन कार्यक्रममा रु.१५ लाख बजेट बिनियोजन गरेको छु ।

**ङ .उद्योग तर्फ रु. १० लाख**

लघु, घरेलु तथा साना उद्योग नियमन तथा प्रवर्द्धन कार्यक्रममा रु. ५ लाख र उद्यमशिलता विकास कार्यक्रममा रु. ५ लाख रकम विनियोजन गरेको छु ।

**च.वित्तीय क्षेत्र तर्फ रु. ५ लाख**

वित्तीय क्षेत्र र संस्थाको विकास कार्यक्रममा रु. ५ लाख रकम विनियोजन गरेको छु ।

**छ . सहकारी तर्फ  रु. ५ लाख**

सहकारी खेती प्रवर्द्धन कार्यक्रममा ५ लाख विनियोजन गरेको छु ।

**ज. वन तर्फ रु. ९ लाख**

- बनको बैज्ञानिक व्यवस्थापन, तथा ढलेका रुखहरुको उपयोग तथा व्यवस्थापनका लागि रु.२ लाख विनियोजन गरेको छु ।
- हरियाली वढाउ, खडेरी घटाउ भन्ने नारालाई परिपुर्ति गर्न जननेता मदन भण्डारीको सम्झनामा **मदन भण्डारी हरित कार्यक्रम** मार्फत वन मा विरुवा रोप्ने व्यवस्था मिलाएको छु । यसका लागि रु ५ लाख विनियोजन गरिएको छु ।
- बनजंगल संरक्षण सम्वन्धी जनचेतनामुलक कार्यक्रमका लागि रु.१ लाख रकम बिनियोजन गरेको छु ।
- छाडा चौपायाहरुको नियन्त्रण, पहिरो प्रभावित क्षेत्रमा उत्तिस, अम्रिसो रोपण तथा बनजंगल संरक्षण सम्वन्धी जनचेतना कार्यक्रमका लागि रु. १ लाख रकम बिनियोजन गरेको छु ।

## ३. सामाजिक विकास तर्फ रु. ३ करोड ९९लाख ६० हजार

सामाजिक विकासका विभिन्न क्षेत्रमा तपसिल बमोजिम बजेट बिनियोजन गरेको छु।

### क. शिक्षा तर्फ रु. १ करोड १९लाख ६० हजार

विभिन्न विद्यालयहरुको भवन, छाना तथा घेरबार निर्माणका लागि रु.४२ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

- भगवती प्रा. वि. (वडा नं १) रु.५ लाख
- सत्य शाही प्रा.वि. (वडा नं १) रु.५ लाख ५० हजार
- गंगादेबि प्रा.वि.भवन निर्माण (वडा नं २) रु.५ लाख
- सामुदायीक भवन मर्मत (वडा नं २) रु. ३ लाख
- भैरवनाथ प्रा.वि.घेरवार तथा खानेपानी (वडा नं ३) रु. ८ लाख
- स्वामीकार्तीक मा.वि. घेरवार (वडा नं ४) रु. ५ लाख
- कर्णाली प्रा.वि. घेरवार (वडा नं ४) रु.३ लाख
- हिमचुँली आधारभुत (वडा नं ५) रु.३ लाख
- छात्रवास निर्माण भैरवनाथ मा.वि.(वडा नं ५) ५ लाख
  - शिक्षा सुधार कोष रु.७४ लाख १० हजार
    - स्वयम सेवक शिक्षक तर्फ रु.७० लाख १० लाख
    - शैक्षिक अनुसन्धान केन्द्र २ लाख
    - ई.सि.डि कक्षा संचालन २ लाख
  - पुस्तकालय तथा वाचकालय रु ३ लाख

### ख. स्वास्थ्य तर्फ रु. ५५लाख

- स्वास्थ्य साम्रागी खरीद रु.३० लाख
- स्वास्थ्य भवनका लागि जग्गा खरिद (वडा नं. ३) रु.५ लाख
- स्वास्थ्य भवनका लागि जग्गा खरिद(वडा नं. २) रु.३ लाख
- स्वास्थ्य भवनका निर्माण (वडा नं. ४) रु.१७ लाख

### ग. खानेपानी तथा सरसफाई तर्फ रु. १ करोड ४० लाख

गाउँपालिकामा भएको खानेपानीको समस्यालाई समाधान गर्न विभिन्न वडाका विभिन्न खानेपानी योजनालाई रु. १ करोड ४० लाख रकम बिनियोजन गरेको छु।

- तुसारे खानेपानी (वडा नं. १) रु. १० लाख
- मेलानाउलाखानेपानी (वडा नं. १) रु.१८ लाख
- मुजेडा तुवा रानीसैन (वडा नं. १) रु.१५ लाख
- मण्डाली प्रा.वि. (वडा नं. १) रु. ३ लाख
- जमासीखानेपानी (वडा नं. २) रु.२४ लाख

- ठोटा बल्देचौर खानेपानी (वडा नं. ३) रु. ५ लाख
- सैदेव डाँडीविसौना खानेपानी (वडा नं. ३) रु.४२ लाख ४० हजार
- लुवारवाडा घोडाकादी र स्कुल (वडा नं. ३) रु.१० लाख
- भौने खानेपानी (वडा नं. ४) रु.८ लाख
- पाल्तखानेपानी फैता (वडा नं. ४) रु.३ लाख ८० हजार
- जमलधारा खानेपानी (वडा नं. ५) रु.८० हजार

**घ. युवा तथा खेलकुद तर्फ रु.२० लाख**

गाउँपालिका स्थरिय अध्यक्ष कप खेलकुद, गाउँपालिका भित्र खेल मैदान निर्माण तथा खेलकुद प्रवर्द्धनका लागि रु.२० लाख रकम विनियोजन गरेको छ ।

**ङ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ रु. ४० लाख**

अनाथ, अशाय, अशक्त, अपाङ्गतथा जोखिममा रहेका बालबालिकाहरुको संरक्षण,जेष्ठ नागरिक कार्यक्रम,५० वर्ष माथीका एकल पुरुषहरुलाई व्यवसाय संचालनमा प्रोत्साहन, महिलाहरुका लागि सीप विकास तालिम, सामाजिक कुरीतिहरु हटाउन महिला तथा युवा परिचालन एवं विशेष आयआर्जन सम्वन्धी कार्यक्रम संचालनका लागि रु. ४० लाख रकम विनियोजन गरेको छु ।

**ङ .धार्मिक, भाषा तथा संस्कृति प्रवर्द्धन तर्फ रु.२५लाख**

धार्मिक महत्व बोकेका विभिन्न मठ मन्दिरहरुको संरक्षण तथा निर्माणमा रु.१५ लाख तथा भाषा एवं सांस्कृतिक तथा परातात्विक क्षेत्रको विकास र परम्परागत जात्रा, पर्वको संरक्षण लागि रु.१० लाख रकम विनियोजन गरेको छु ।

## ४) संस्थागत विकास तथा सुशासन तर्फ रु. २५लाख

**क. सुशासन प्रवर्द्धन र गरिवी निवारण रु.३ लाख**

गाउँपालिका कार्यालयका शाखाहरुको व्यवस्थापन, सुशासन र गरिबी निवारणका लागि रु.३ लाख रकम विनियोजन गरेको छु ।

**ख.शान्ति तथा सुव्यवस्था रु.२२ लाख**

गाउँ प्रहरीका लागि रु.२२ लाख विनियोजन गरेको छु ।

## ५) वातावरण तथा बिपद व्यवस्थापन तर्फ रु. २१लाख

**क. वातावरण संरक्षण तथा जलवायु**

पानीका मुहान संरक्षण, आयश्रोत नहुने सामुदायीक वनमा हेरोलो व्यवस्था र पहिरो प्रभावित क्षेत्रमा घाँस तथा उत्तिस रोपण कार्यक्रमका लागि रु १ लाख विनियोजन गरेको छु ।

**ख. विपद व्यवस्थापन रु.२० लाख**

स्वामीकार्तिक गाउँपालिकामा हुने विपतको व्यवस्थापनका लागि गाउँपालिकामा रु.२० लाखको विपद कोष स्थापना तथा संचालन गरिने व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय,**

आ.व. २०७६।०७७ को वजेट तथा कार्यक्रममा समावेश गर्न नसकिएका कार्यक्रमहरु आगामी आ.व.को वजेट तथा कार्यक्रमहरुमा समावेश गर्दै जाने तथा यहाँको श्रोत साधनले निर्माण गर्न नसकिने ठुला विकास आयोजनाहरु केन्द्रिय र प्रदेश सरकार संग माग गर्ने गरी पठाउने व्यवस्था मिलाएको छु ।

ती योजनाहरु देहाय बमोजिम छन:

- क्याम्पस स्थापनाका लागि प्रदेश सरकार संग माग गर्ने ।
- गाँउपालिका केन्द्रमा १५ सैयाको अस्पताल स्थापनाको लागीमाग गर्ने ।
- गाउँपालीकाका पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्न केन्द्रीय सरकार संग माग गर्ने ।
- माध्यमिक र आधारभुत विद्यालयका भनवहरु निर्माणका लागि माग गर्ने ।
- गाउँपालिकाको भवन निर्माणका लागी केन्द्रमा माग गर्ने ।
- गाउँपालिकामा कवर्डहल निमार्णका लागि केन्द्र तथा प्रदेश सरकार लाई माग गर्ने ॥

**अन्त्यमा**

यो वजेट तथा कार्यक्रमको पूर्ण कार्यान्वयन भई सम्वृद्ध र सक्षम गाउँपालिका निर्माणमा सहयोग पुग्नेछ भन्ने आशा लिएको छु । साथै यस आ.व.मा समावेश गर्न नसकिएका योजनाहरुलाई अर्को आ.व.मा समावेश गरिनेछन ।यसका लागि यहाँहरुको सहयोग  र समन्वयको आवश्यक छ । यो वजेट निर्माण गर्ने क्रममा सहयोग गर्नु हुने विभिन्न समितिका पदाधिकारीहरु, कर्मचारीहरु तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पुर्ण महानुभावहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।

**चिरन्जीवी शाही**
**अध्यक्ष**
**स्वामीकार्तिक खापर गाउँपालिका**
**मिति : २०७६ ।०३ ।१० गते**